# कालिका गाउँपालिकाको आ.व. २०७५/०७६ को उपभोक्ता समिति मार्फत संचालन हुने योजनाको लागि आवश्यक कागजातहरु

**क) सम्झौताका लागि आवश्यक काजगातहरु**

१. सम्बन्धित वडाको निर्वाचित जनप्रतिनिधीको रोहवरमा आयोजना क्षेत्रका उपभोक्ताहरुको भेलाले चुनेको कम्तिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये एकजना महिला सहित ३३ प्रतिशत महिला भएको ७ देखि १३ जना सम्मको आयोजनाको नाम सँग मेल खाने नामको उपभोक्ता समिति र उपभोक्ता समितिमा नपरेका एक जना महिला सहित कम्तिमा ३ जनाको अनुगमन समिति गठन भएको माईनोटको फोटोकपी ।

२. बुँदा नं. १ बमोजिम गठन भएको उपभोक्ता समितिको बैठकबाट पदाधिकारी मध्ये एक जनालाई सम्झौताको लागि अख्तियारी दिने भनी भएको निर्णय, खाता संचालन सम्बन्धि निर्णयको फोटोकपी ।

३. उपभोक्ता समितिमा रहेका पदाधिकारी तथा सदस्यहरुको नेपाली नागरिकताको फोटोकपी र तिनपुस्ते विवरण ।

४. कालिका गाउँपालिकाको प्राविधिक शाखाबाट तयार गरिएको स्विकृत प्राविधिक लागत इष्टिमेट ।

५. सम्बन्धित वडा कार्यालयको योजना सम्झौता सिफारिस पत्र ।

६. खाता खोल्नुपर्ने भएमा खाता संचालन हुने पदाधिकारी(अध्यक्ष, सचिव र कोषाध्यक्ष) हरुको २/२ प्रति हालसालै खिचेको पासपोर्ट साईजको फोटा र सम्बन्धित बैंकले उपलब्ध गराउने निवेदन र दस्तखत नमुना कार्ड ।

७. सम्बन्धि उपभोक्ता समितिको योजना सम्झौता सम्बन्धि निवेदन पत्र ।

८. उपभोक्ता समितिको छाप ।

**ख) पेश्की माग गर्नका लागि आवश्यक कागजातहरु (रु.५ लाख वा सो भन्दा वढिका योजनाको मात्र)**

१. माथिको क बमोजिमको कागजात का अलावा उपभोक्ता समितिको पेश्की माग गर्ने निर्णयको फोटोकपी, सम्बन्धित वडा कार्यालयको पेश्की उपलब्ध गराईदिने सिफारिस पत्र, उ.स.को बैंक खाताको विवरण र सम्बन्धित उ.स.को पेश्की माग निवेदन पत्र ।

**ग) रनिङ्ग विल भुक्तानी माग गर्दा ।**

१. उपभोक्ता समितिको बैठकबाट हाल सम्म कुन कुन शिर्षकमा के कती खर्च भयो भन्ने उल्लेख गरी रनिङ्ग विल भुक्तानीको लागि निर्णय भएको माईनोटको फोटोकपी ।

२. सम्बन्धित योजनाको लागि उपभोक्ताहरुद्धारा गठित अनुगमन समितिको हाल सम्मको कामको अनुगमन भएको र हाल सम्मको खर्च उल्लेख गरी रनिङ्ग विल भुक्तानीको लागि सिफारिस गरिन्छ भन्ने निर्णय भएको माईनोटको फोटोकपी ।

३. सम्बन्धित वडा कार्यालयको सिफरिस पत्र

४. गाउँपालिकाको प्राविधिक शाखाबाट स्थालगत अनुगमन गरी ल.ई. बमोजिम मुल्यांकन गरी तयार गरिएको प्रमाणित रनिङ्ग विल र त्यसको लागि आवश्यक अन्य विल भरपाई ।

५. सार्वजनिक सूचना पार्टी देखिने गरी आयोजना क्षेत्रको रंगिन फोटो ।

६. सम्बन्धित वडाको वडास्तरीय अनुगमन समितिको निर्णय तथा सिफारिसको फोटोकपी ।

७. गाउँपालिकास्तरीय अनुगमन समितिको निर्णय तथा सिफारिसको फोटोकपी ।

८. रनिङ्ग विल भुक्तानीको लागि बैंक खाताको विवरण सहित सम्बन्धित उपभोक्ता समितिको निवेदन पत्र ।

**घ) अन्तिम विल भुक्तानीको लागि आवश्यक कागजातहरु ।**

१. उपभोक्ता समितिको बैठकबाट हाल सम्म कुन कुन शिर्षकमा के कती खर्च भयो भन्ने उल्लेख गरी कार्य सम्पन्न भएकोले अन्तिम विल भुक्तानीको लागि निर्णय भएको माईनोटको फोटोकपी ।

२. सम्बन्धित योजनाको लागि उपभोक्ताहरुद्धारा गठित अनुगमन समितिको हाल सम्मको कामको अनुगमन भएको र हाल सम्मको खर्च उल्लेख गरी अन्तिम विल भुक्तानीको लागि सिफारिस गरिन्छ भन्ने निर्णय भएको माईनोटको फोटोकपी ।

३. सम्बन्धित वडा कार्यालयको सिफरिस पत्र

४. गाउँपालिकाको प्राविधिक शाखाबाट स्थालगत अनुगमन गरी ल.ई. बमोजिम मुल्यांकन गरी तयार गरिएको प्रमाणित कार्य सम्पन्न प्रतिवेदन र त्यसको लागि आवश्यक अन्य विल भरपाई ।

५. सार्वजनिक सूचना पार्टी देखिने गरी आयोजना क्षेत्रको रंगिन फोटो ।

६. अनुसूची ३, (सार्वजनिक परिक्षण), अनुसूची ४ (खार्च सार्वजनिक गरेको) र अनुसूची ६ (उ.स.को भौतिक तथा वित्तिय प्रगती प्रतिवेदन)

७. सम्बन्धित वडाको वडास्तरीय अनुगमन समितिको निर्णय तथा सिफारिसको फोटोकपी ।

८. गाउँपालिकास्तरीय अनुगमन समितिको निर्णय तथा सिफारिसको फोटोकपी ।

९. अन्तिम विल भुक्तानीको लागि बैंक खाताको विवरण सहित सम्बन्धित उपभोक्ता समितिको निवेदन पत्र ।

नोट : योजना सम्झौताको लागि उ.स. गठन गर्दा स्विकृत योजनाको नाम सँग हुवहु मेल खानेगरी गठन गर्नुको साथै सिफारिस गर्दा समेत सोही अनुसार गर्नुहुन सबै वडाहरुलाई अनुरोध छ ।